**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा**
**आदेश**
**०७६-WO-०९५५**
**मुद्दा : परमादेश।**

| | |
|---|---|
| ओखलढुंगा जिल्ला चिशंखुगढी गाउँपालिका वडा नं. ६ बस्ने अधिवक्ता डा. श्री पुण्यप्रसाद खतिवडा ....................... ............................................ १ | **रिट निवेदक** |
| काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता श्री दिपक विक्रम मिश्र ............................................................................ १ | |

**विरूद्ध**

| | |
|---|---|
| मुख्य रजिष्ट्रारको कार्यालय, सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ........ १ | **विपक्षी** |
| प्रशासन महाशाखा, सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ..................... १ | |

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

१. नेपालको संविधानको धारा १८ मा समानताको हक प्रत्याभुत गरिएको र धारा ४६ मा संवैधानिक उपचारको हकको व्यवस्था गरिएको छ। मौलिक हकहरुको प्रचलनका लागि धारा १३३ बमोजिम संवैधानिक उपचार पाउने हक प्रदान गरिएको छ । यस्ता हकहरु धारा २७३(१) बमोजिम संकटकालीन अवस्थाको घोषणा भएको वा आदेश जारी गरेको अवस्थामा मात्र धारा २७३ बमोजिम निलम्वन गर्न सकिने व्यवस्था छ। मिति २०७७।१।१४ मा बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७७।१।१६ देखि रिट निवेदन दर्ता र सुनुवाई गर्ने समेतको निर्णय भएको सूचना मिति २०७७।१।१५

मा जारी प्रेश विज्ञप्तिमा उल्लेख थियो। सो सूचनामा विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण फैलिन नदिइ संक्रमणको जोखिम न्युनीकरण गर्न मिति २०७६।१२।७ तथा सो पछि विभिन्न मितिमा बसेको पूर्ण बैठकको निर्णय बमोजिम अदालतहरुको काम कारवाही र सेवा प्रवाहमा सिमितता सहितको व्यवस्थापन हुँदै आएकोमा संविधान प्रदत्त मौलिक हकको संरक्षण र प्रचलन गर्नुपर्ने संवेदनसिलतालाई विचार गरी सर्वोच्च अदालतमा मिति २०७७।१।१६ देखि रिट निवेदन दर्ता र सोको सुनुवाई समेतको कार्य गर्ने उल्लेख गरिएको थियो। मिति २०७७।१।२८ को सर्वोच्च अदालतको पूर्ण बैठकबाट भएको निर्णय जानकारी गराउनका लागि प्रकाशित सर्वोच्च अदालतको प्रेश विज्ञप्तिमा नेपाल सरकार निवेदक भएको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन, पुनरावेदनको अनुमतिको निवेदन र विपक्षी झिकाउने आदेश भै नसकेका नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन तथा साधक जाँचकालागि आएका मुद्दाको मिति २०७७।१।२९ गतेबाट सुनुवाई प्रारम्भ गर्ने भन्ने निर्णय भएको भनिएको थियो। उपरोक्त मिति २०७७।१।१४ र मिति २०७७।१।२८ को पूर्ण बैठकका निर्णयहरु हालसम्म पूर्णरुपमा कार्यान्वयन नगरिएको हुँदा उक्त बैठकको निर्णय बमोजिम सवै प्रकारका रिट निवेदनहरुलाई दर्ता गर्ने गराउने कार्य गर्नु गराउनु साथै दरपीठ आदेश बदरका लागि दिइने सवै प्रकारका निवेदनहरुलाई मुल निवेदन सरहको प्राथमिकतामा राखी पेशी चढाउनु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई संविधानद्वारा प्रदत्त मौलिक हकसम्वन्धी संवैधानिक उपचारका रिट निवेदनहरु दर्ता गरी सुनुवाई गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेश लगायतका उपयुक्त आदेश समेत जारी गरिपाउँ भन्ने समेत व्यहोराको निवेदन।

२. नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी र विद्वान अधिवक्ताहरु श्री सुरेन्द्र विक्रम के.सी., डा. श्री पुण्यप्रसाद खतिवडा, श्री कृतिनाथ शर्मा पौडेल, श्री इन्द्रप्रसाद अर्याल, श्री हरिकृष्ण श्रेष्ठ, श्री दिपक विक्रम मिश्र र श्री लक्ष्मी नानी थापाले सर्वोच्च अदालतको मिति २०७७/१/१४ को पूर्ण बैठकबाट सवै प्रकारका रिट

निवेदनहरु दर्ता तथा सुनुवाई गर्ने भनेर निर्णय गरिसकेको र मिति २०७७/१/२८ को पूर्ण बैठकबाट नेपाल सरकार पुनरावेदक/निवेदक भएका केही निवेदन पुनरावेदन समेत सुनुवाई गर्ने भनी सूचना निस्केकोमा सर्वोच्च अदालत प्रशासनबाट समयमा रिट लिन नमान्ने गरेको र कति रिट निवेदनहरु दर्ताको क्रममा थन्काएर राखिएको हुँदा पूर्ण बैठकको निर्णय बमोजिम निवेदन दर्ता तथा सुनुवाई प्रकृया अविलम्व अगाडि बढाउनु भनी आदेश जारी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

३. अव यसमा निवेदन माग बमोजिम आदेश जारी गर्नुपर्नेसम्मको गरे विराएको देखिने (Prima Facie) अवस्था देखिन्छ वा देखिंदैन ? निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

४. निर्णयतर्फ विचारगर्दा कोरोना भाइरस (कोभिड-१९) महामारीको अवस्थालाई दृष्टिगत गरी यस अदालतको पूर्ण बैठकको निर्णय बमोजिम अदालतबाट प्रवाह गरिने सेवामा केही कटौती वा सिमितता कायम गर्नु परेको कुरामा विवाद गर्नु पर्ने देखिंदैन। नेपाल सरकारले देश भर बन्दाबन्दी (Lock down) को घोषणा गरेको कारणबाट आम सार्वजनिक सेवा प्रवाहमा असर परेको तथ्य समेत स्वयममा प्रष्ट नै छ। बन्दाबन्दीको अवस्थामा पनि नियमित रुपमा सवै प्रकारका न्यायिक सेवा प्रदान गर्ने कार्य भैरहनु पर्दछ भन्ने कुरा उचित, व्यवहारिक र विवेकपूर्ण हुँदैन। यो विशेष अवस्था हो र यसलाई हेर्ने दृष्टिकोण पनि फरक किसिमको हुनु स्वभाविक छ। महामारीको कारणबाट गरिएको बन्दाबन्दीको कुरालाई नेपालको संविधानको धारा २७३ बमोजिम जारी हुने संकटकालीन अवस्था र सो अवस्थामा आकर्षित हुने कानूनी परिणामसंग दाँजेर सोही मापदण्डका आधारमा हेर्न मिल्दैन। यी दुई फरक अवस्थाहरु हुन्। बन्दाबन्दीलाई सामान्य अर्थमा हेर्दा सेवा प्रवाह गर्ने निकाय, संस्था, कार्यालय आदिको काम कारवाही वा क्रियाकलाप सञ्चालन नगरी स्थगित गरिने अवस्थाको रुपमा बुझिनु पर्दछ। कुनै रहर, लहड वा अकर्मण्यताको कारणबाट बन्दाबन्दी घोषणा गरिएको नभएर कोभिड -१९ महामारीको प्रकोपबाट आम जनताको स्वास्थ्य सुरक्षा गर्न एउटा बाध्यकारी उपायको रुपमा बन्दाबन्दी गरिएको देखिन्छ। यस अवस्थामा अमूक प्रकारको न्यायिक सेवा प्रवाह गरिएन वा कुनै खास मुद्दा/निवेदन पेशी-सूचीमा चढाईएन

भनी प्रश्न खडा गरी यसलाई न्यायिक निरुपणको विषय बनाउनु उचित र तर्कपूर्ण देखिंदैन। बन्दाबन्दीको अवधिमा मुद्दा व्यवस्थापनका काम कुरामा यदि कुनै सामान्य त्रुटी रहेका भए पनि सो कुरालाई प्रशासनिक वा व्यवस्थापन प्रक्रियावाट नै सुधार गर्न सकिने हुन्छ। तसर्थ बन्दाबन्दीको अवस्थामा मुद्दामा सुनुवाई गर्ने सम्बन्धी खास प्रकारको सेवा प्रवाहित गरिएन भनी गरिएको जिकिर मनासिव देखिदैन।

५. बन्दाबन्दीको अवस्थामा अदालतबाट प्रदान हुने नियमित सेवा रोकिनु, स्थगित गर्नु वा सञ्चालन नगरिनु स्वभाविक थियो । तथापि बन्दाबन्दीको अवस्था कै अवधिमा पनि यस अदालतबाट सबै प्रकारका न्यायिक सेवा बन्द गरिएको भने अवश्य नै थिएन, छैन। नागरिकको वैयक्तिक स्वतन्त्रता सम्बन्धी विषय जोडिएका बन्दीप्रत्यक्षीकरणको निवेदन तथा कोभिड-१९ महामारीसंग सम्बन्धित रिट निवेदनहरु उपरको सुनुवाई बन्दाबन्दीको अवधिमा पनि नियमित र निर्वाध रुपमा गरिएको तथ्य स्वयम न्यायिक जानकारीमा रहेको विषय देखिन्छ। नागरिकको वैयक्तिक स्वतन्त्रता तथा विषयवस्तुको सम्वेदनशीलतालाई हेरेर बन्दाबन्दीको प्रतिकूल अवस्थामा पनि यस अदालतबाट सेवा प्रवाह गर्ने कार्य निरन्तर रुपमा भई आएको थियो र छ। बन्दाबन्दीको प्रारम्भिक अवस्थामा स्थगित गरिएका सेवाहरु मध्ये कतिपय सेवा-कार्यहरु पछिल्ला दिनहरुमा क्रमशः सञ्चालन गरिएको तथ्य समेत रिट निवेदनमा उल्लेख भएको पाईयो । समय-समयमा यस अदालतको पूर्ण बैठक बसेर निर्णय गरी रिटहरुको दर्ता र सुनुवाई गर्ने, दरपीठ आदेशहरु उपर सुनुवाई गर्ने, पक्ष तारेखमा नरहने प्रकृतिका नेपाल सरकार निवेदक भएका मुद्दा, दोहोऱ्याई पाउँ भन्ने निवेदन, पुनरावलोकन सम्बन्धी निवेदन, विपक्षी झिकाउने आदेश नभएका (एकपक्षीय सुनुवाई हुने प्रकृतिका) नेपाल सरकारको तर्फबाट परेका पुनरावेदन, निवेदन तथा साधक जाँचका लागि आएका मुद्दाहरु आदिको सुनुवाई कार्यलाई यसवीच पनि सञ्चालन गरिएको र निरन्तरता दिइएको पाइन्छ। महामारीको यस विषम परिस्थितिमा पनि सेवा प्रवाहका कतिपय कार्यहरु भैरहेका छन। बन्दाबन्दी भएको, सार्वजनिक यातायातको साधन सञ्चालनमा नरहेको अवस्थामा सेवाग्राहीहरु अदालतमा आफ्नो मुद्दामा प्रतिरक्षार्थ उपस्थित हुन नसक्ने परिस्थितिलाई हेरेर केही सेवा-प्रवाह कार्य स्थगित गरिएको वाध्यात्मक परिस्थितिलाई

अन्देखा गरेर अहिले यसलाई न्यायिक निरुपणको विषय बनाउनु सर्वथा अनुचित र अविवेकपूर्ण हुन जान्छ। न्यायिक प्रकृयालाई बौध्दिक-विलासको विषय बनाउनु उचित होइन। न्यायकर्मी, कानून व्यवसायी लगायत आम सेवाग्राहीको स्वास्थ्य सुरक्षाप्रति वाञ्छित सम्वेदनशीलता अपनाउनु यस अदालतको समेत कर्तव्य बन्दछ । बन्दाबन्दीको विषम परिस्थितिप्रति विवेकपूर्ण दृष्टिकोण नअपनाई केवल भावनात्मक रुपमा अमुक कानूनी प्रावधानको सतही अर्थ लगाएर अदालतबाट सम्पादन भैआएका र सम्पादन गरिने कार्यहरुको सम्वन्धमा यस प्रकारको प्रश्न उठाउनुको कुनै कानूनी औचित्य वा सान्दर्भिकता देखिदैन।

६. अतः निवेदकले उल्लेख गरेको जिकिरका सन्दर्भमा हेर्दा गरे-विराएको जस्तो देखिने अवस्था (Prima Facie Case) नदेखिएकाले विपक्षीहरुका नाउँमा कारण देखाउ आदेश जारी गर्नु परेन। निवेदन व्यहोराबाट प्रथम दृष्टिमा नै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६(१) बमोजिम निवेदन जिकिर उचित र कानूनसंङ्गत नदेखिएको अर्थात कारण देखाउ आदेश जारी गर्नु पर्नेसम्मको पूर्वावस्था विधमान रहेको नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु, साथै यो आदेश विधुतीय प्रणालीमा प्रविष्ट गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनु।

**न्यायाधीश**

इजलास अधिकृतः- रूद्रप्रसाद अर्याल

कम्प्युटर अपरेटरः- मन्दिरा रानाभाट

**ईति संवत २०७७ साल जेष्ठ २५ गते रोज १ शुभम् ............... ।**